बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०३।०७ गते आईतबार विहान ८:०० बजे पाख्रीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री सुनिल पौडेल | प्रमुख प्रशासकीय अधिकृत | | |
| **सहयोगी कर्मचारी** | | | | |
| १ | श्री अनिस काफ्ले | अधिकृतस्तर आठौं | | |

2 [illegible] धमला ले. अ.

3. गोकुल घिमिरे सुपरभाइजर

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु**

१) प्रस्ताव नं : १ .नगरसभाको बर्खे अधिवेशन सम्बन्धमा।

२) प्रस्ताव नं .२: आ .व. २०८३/०८४ को नीति तथा कार्यक्रम पारित गरि सभामा पेश गर्ने सम्बन्धमा गर्ने सम्बन्धमा।

३) प्रस्ताव नं . ;आ .व. २०८३/०८४ आर्थिक विधेयक सम्बन्धमा।

४) प्रस्ताव नं .४ : आ .व. २०८३/०८४ को विनियोजन विधेयक सम्बन्धमा।

५) प्रस्ताव नं .५ : ढुङ्गेधारा आ.वि. को शिक्षकको तलब भत्ता भुक्तानी सम्बन्धमा।

६) प्रस्ताव नं .६ :आधारभुत अस्पताल सञ्चालनमा रहेको जालपादपेवी क्याम्पसको नाममा रहेको विद्यूत महशुल भुक्तानी सम्बन्धमा।

७) प्रस्ताव नं .७ :प्रधानमन्त्री आधुनिकिकरण परियोजनाको जोन/सुपरजोन तरकारी फलफुलको लागि क्षेत्र निर्धारण सम्बन्धमा।

८) प्रस्ताव नं . ८ : योजना तथा कार्यक्रम संसोधन तथा रकमान्तर सम्बन्धमा।

९) प्रस्ताव नं . ९ : रासायनिक मल बिक्रेता अधिकार सम्बन्धमा।

१०) प्रस्ताव नं .१० : विपद व्यबस्थापनको लागि दमकल लगायन अन्य सामग्री व्यबस्थापनको लागि समन्वय सम्बन्धमा।

११) प्रस्ताव नं .११ : दायित्व भुक्तानी सम्बन्धमा।

१२) प्रस्ताव नं .१२ : आर्थिक सहायता सम्बन्धमा।

१३) प्रस्ताव नं .१३ : कार्यक्रम सञ्चालन सम्बन्धमा।

१४) प्रस्ताव नं .१४ : फुसको छाना विस्थापनको लागि जस्ता पाता खरिद तथा वितरण कार्यक्रमको भुक्तानी सम्बन्धमा।

१५) प्रस्ताव नं .१५ : संसारीमाई सीमासार पार्कको विद्यूत महशुल भुक्तानी सम्बन्धमा।

१६) प्रस्ताव नं .१६ : बहुउद्देस्यीय सामुदायिक भवन निर्माण साझेदारी सम्बन्धमा।

१७) प्रस्ताव नं. १७: विपन्न नागरीक आर्थिक सहायता सम्बन्धमा।

१८) प्रस्ताव नं. १८: पाख्रीबासको स्टाच्यू देखी जालपा देवी मा.वि. जाने सडक मर्मतको अपुग रकम सम्बन्धमा।

बैठक संख्याः ।२०८२।०८३
बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे
स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णयहरु :**

**निर्णय नं. १**

पाख्रीबास नगरपालिकाको आ.व. २०८३/०८४ को लागि बर्षे अधिवेशन आगामी आषाढ १० गतेका दिन आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

पाख्रीबास नगरपालिकाको आ.व. २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम स्वीकृतीको लागि पेश भएकोमा सो उपर छलफल गरियो । नीति तथा कार्यक्रमको सम्बन्धमा छलफलमा उठेका संसोधनको विषय समेत राखी संसोधन सहित आगामी २०८२।०३।०९ गतेको नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

पाख्रीबास नगरपालिकाको आ.व. २०८३/०८४ को लागि राजस्व परामर्श समितिबाट पेश भएको आर्थिक विधेयक २०८३ सम्बन्धमा छलफल गरियो । आर्थिक विधेयकको सम्बन्धमा छलफलमा उठेका विषय समेत समावेश गरी राजस्व परामर्श समितिमार्फत अन्तिम रुपमा आगामी २०८२।०३।०९ गतेको नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

पाख्रीबास नगरपालिकाको आ.व. २०८३/०८४ को विनियोजन विधेयकको सम्बन्धमा छलफल गरियो । विनियोजन विधेयक स्वीकृतिको लागि आगामी २०८३।०३।०९ गतेको नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पाख्रीबास नगरपालिका अन्तरगत वडा नं ३ को श्री अनिवार्य निशुल्क आ.वि. नि.मा. तह, सामाजिक विषयको राहत दरबन्दीमा मिति २०८२।१२।२० गते नियुक्ती भएको शिक्षक श्री विमला जिमीको नियुक्ती प्रकृयाको सम्बन्धमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,ईटहरीमा उजुरी परि छानबिनको क्रममा रहेकोमा यस कार्यालयबाट नियुक्ती देखी हाल सम्म कुनै तलब भत्ता निकाशा नभएको साथै निज शिक्षक हाल दरबन्दी मिलानको क्रममा श्री ढुङ्गेधारा आ.वि. पाख्रीबास-३ मा सरुवा पदस्थापन भई हाल सम्म कार्यरत रहेकोले निजको सुरु नियुक्ती देखी हाल सम्मको बाँकी तलब भत्ता हाल कार्यरत विद्यालयमा निकाशा गर्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

पाख्रीबास नगरपालिका वडा नं ४ मा अवस्थित जालपादेवी क्यापसको भवनमा भाडामा सञ्चालनमा रहेको पाख्रीबास आधारभुत अस्पतालले उपयोग गरेको क्याम्पसको नाममा रहेको विद्युत मिटरको विद्युत महशुल बापतको रकम यस नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ७**

प्रधानमन्त्री आधुनिकिकरण परियोजना अन्तरगत जोन सुपरजोन/कार्यक्रमको लागि तरकारी फलफुलको पकेट क्षेत्र विस्तारको लागि यस नगरपालिकाका सबै वडामा आवस्यकता र सम्भाव्यताका आधारमा प्रति वडा एकएक वटा / क्षेत्र विस्तार तथा निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

चालु आ.व. २०८२।०८३ को योजना तथा कार्यक्रमहरु मध्ये निम्न योजना तथा कार्यक्रहरु संसोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| सि नं | वडा नं | योजना तथा कार्यक्रमको नाम | वोनियोजित बजेट | संसोधित योजना तथा कार्यक्रमको नम | बजेट रकम |
|---|---|---|---|---|---|
| १ | १० | वडा कार्यालय मुनी मेन सडकको गोलाईमा घेराबारा | १५००००।- | वडा कार्यालयका लागि फर्निचर खरिद | १००००० |
| | | | | जनता प्रा.वि. फर्निचर खरिद | ५०००० |
| २ | ७ | होक्से तामाङ टोल टेन्ट खरिद तथा साँस्कृतिक सामग्री खरिद | १५०००० | होक्से तामाङ टोल टेन्ट खरिद | ९०००० |
| | | | | होक्से तामाङ टोल आवस्यक खरिद | ६०००० |
| ३ | २ | बहुउद्देस्यीय साँस्कृतिक पार्क तथा व्यायामशाला निर्माण | ५०००००। | बहुउद्देस्यीय साँस्कृतिक पार्कमा खुर्पेटो खरिद तथा हस्तान्तरण | |
| ४ | ९ | तामाङ दाहसंस्कार स्थल निर्माण | १५००००।- | मातिम्बु ढुङ्गे मझुवा सडक सोलिङ | १५०००० |
| ५ | ९ | मर्मत सम्भार कोषबाट विनियोजित तामाङ दाहसंस्कार स्थल घ्याघर निर्माण | २००००० | मातिम्बु ढुङ्गे मझुवा सडक सोलिङ | २००००० |
| ६ | ९ | जनप्रतिनिधी महिला स्वास्थ्य स्वयंसेविका तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण कार्यक्रम | ११०००० | जनप्रतिनिधी जेष्ठ महिला महिला कृषक तथा कर्मचारी अवलोकन भ्रमण कार्यक्रम २०८३ | ११०००० |
| ७ | ९ | प्रतिभा पहिचान तथा साहित्यिक कार्यक्रम | ७५०००। | वडा कार्यालयको लागि आवस्यक फर्निचर सामग्री खरिद | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ९ | वाल शिक्षा प्रा.वि.को वालविकास सहजकर्ता पारिश्रमिक | १०५००० | वाल शिक्षा प्रा.वि. को शैक्षिक सामग्री खरिद तथा शैक्षिक सुधार सचेतना कार्यक्रम | १०५००० |
| ९ | ९ | ८५ प्रतिशत अनुदानमा जनशेवा कृषि सहकारी संस्थाका कृषकहरुलाई कृषि सामग्री खरिद तथा वितरण | ८०००० | लिसिम्बु युवा क्लब सामग्री खरिद | ८०००० |
| १० | २ | सुनाखरी युवा क्लबलाई विविध सामग्री खरिद तथा वितरण | १००००० | विभिन्न युवा क्लबहरुलाई सामग्री खरिद तथा वितरण | १००००० |
| ११ | ३ | प्रगतिशिल युवा क्लब खेल मैदान निर्माण | ३००००० | ८५% अनुदानमा मिनिटिलर खरिद तथा वितरण | ३००००० |
| १२ | ३ | सवारी साधन मर्मत खर्च | ६०००० | विविध खर्च | २७५० |
| १३ | ३ | सवारी साधन मर्मत खर्च | ५०००० | | ३०३५० |
| १४ | ८ | कार्यक्रम सन्चालन खर्च | १५१००० | कार्यक्रम सन्चालन खर्च | ९०००० |
| | | | | विविध खर्च | ६१००० |
| १५ | ९ | सुचना संचार तथा सुरक्षा | २५००० | विविध खर्च | २५००० |
| १६ | ९ | अन्य समाजिक सहायता | ५०००० | मसलन्द खर्च | १५००० |
| १७ | ९ | विविध कार्यक्रम खर्च | २१७५०० | वडा कार्यलयको लागी ल्यापटप खरिद | २०००० |
| १८ | ७ | २५% अनुदानमा मिनिटिलर ७ थान कुटनी पिसनी मिल ४ थान | ४५०००० | ८५% अनुदानमा मिनिटिलर र कुटानी पिसानी मिल खरिद तथा वितरण | ४५०००० |
| १९ | | सुन्तले बस्ती जोडने सडक ट्रयाक ओपन तथा विस्तार वडा नं.२,३,४ | ५७२००० | विविध खर्च | ३७२००० |
| | | | | इन्धन खर्च | २००००० |

**निर्णय नं. ९**

पाख्रीबास नगरपालिकाबाट नियमन तथा सहजीकरण गरि किसानहरुको लागि वितरण हुँदै गरेको रासायनिक मल ३ नं वडाको लागि श्री संसारीमाई कृषि सहकारी संस्थाबाट नियमानुसार वितरण गर्ने अधिकार प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

पाख्रीबास नगरपालिकामा विभिन्न विपदजन्य घटनाहरुको व्यबस्थापनको लागि दमकल लगायत अन्य आवस्यक सामग्री व्यबस्थापनको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्ताव बमोजिम मन्त्रालयले तोकेको क्षेत्रमा व्यबस्थापन गर्ने गरि आवस्यक समन्वय तथा साझेदारी गर्ने निर्णय गरियो।

**निर्णय नं ११**

यस नगरपालिकाको आ.व. २०८१।०८२ को दायित्व बापतको भुक्तानी रहेको दन्त शिविर कार्यक्रमको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय ईटहरीमा मुद्दा परी हाल तामेलीमा रहेको पत्र प्राप्त भएको हुँदा सो बापतको बाँकी भुक्तानीमा रहेको रकम भुक्तानीको सम्बन्धमा ७ दिने भुक्तानी सम्बन्धी दावी विरोधको सुचना जारी गरी यकिन गरीं भुक्तानी गर्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं १२**

पाख्रीबास नगरपालिका वडा नं ३ निवाशी श्री शान्ता कुमारी राईलाई प्रेसर,सुगर लगायत दीर्घ रोगको कारण ३ नं वडा कार्यालयको सिफारिस अनुसार उक्त वडाको विविध भैपरी कार्यालय व्यबस्थापन शिर्षकबाट रु ४००००।- आर्थिक सहायता दिने निर्णय गरियो ।

**निर्णय नं १३**

पाख्रीबास नगरपालिकामा अलौकिक मनोबैज्ञानिकशास्त्री ज्योतिस प्रा.लि. को उपचार पद्दती अनुसार उपचार तथा परामर्श सेवाको लागि उक्त प्रा.लि. सम्झौता गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

पाख्रीबास नगरपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत कार्यक्रम १४ : फुसको छाना विस्थापनको लागि जस्ता पाता खरिद तथा वितरण कार्यक्रम अन्तरगत सम्बन्धित लाभग्राहीहरुले पाख्रीबास नगरपालिकाको फूसको छाना हटाई जस्ता पाता(टिनको) छाना लगाउने कार्यविधि अनुसारको काम अन्तरगत हाललाई प्रति लाभग्राही रु ३५०००।- (पैतीस हजार रुपैया मात्र) अनुदान बाट जस्ता पाता खरिद गरी स्थानीय सामग्री प्रयोग गरी फुसको छाना हटाई जस्ताको छाना फेरेको भएमा उक्त लाभग्राहीको लागि रु ३५०००। मध्येबाट विल बमोजिमको भुक्तानी गरिदिन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १५**

पाख्रीबास नगरपालिका वडा नं ४ मा अवस्थित पर्यटकीय क्षेत्र संसारीमाई सीमसार पार्कको विद्यूत महशुल बापतको बाँकी रकम भुक्तानी गरिदिन संसारीमाई सीमसार पार्क सञ्चालन समितिबाट अनुरोध भई आएको हुँदा उक्त क्षेत्रमा पर्यटन प्रवर्धनको लागि विद्युतीकरण आवस्यक भएको हुँदा विद्युत महशुल बापतको बाँकी रकम रु २६३४०।- भुक्तानी गर्नको नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १६**

पाख्रीबास नगरपालिका वडा नं ४ मा अवस्थित साप्ताहिक हाटबजारमा बहुउद्देस्यीय सामुदायिक भवन निर्माणको लागि यस नगरपालिका, नगर विकास कोष र सुगी कन्सल्टेन्सी,कुपण्डोल ललितपुरको त्रिपक्षीय साझेदारी अनुसार उक्त सामुदायिक भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन निर्माण तथा भवन निर्माण कार्यमा नगर विकास कोषको नियम अनुसार सहभागिता तथा साझेदारी गर्ने गरि स्वीकृतीको लागि आगामी नगरसभाको १८ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

बैठक संख्याः ।२०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं १७**

विभिन्न रोग तथा स्वास्थ्य उपचार सहयोगको लागि सम्बन्धित वडा कार्यालयहरुको सिफारिस अनुसार आर्थिक सहायताको लागि पेश भएका तपशिल आर्थिक रुपले विपन्न नागरिकहरुको लागि तपशिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो।

तपशिल

| क्र. सं | बिरामीको नाम | ठेगाना | रोग/ विपतको किसिम | वडा सिफारीस | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फुल माया तामाङ | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| २ | देवकला कला पौडेल | पा.न.पा. १० | पेटको विरामी | भएको | २०,०००- | |
| ३ | मित्र बहादुर खत्री | पा.न.पा. ४ | खुटा भाचिएको | भएको | १०,०००/- | |
| ४ | दिल कुमारी राई | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| ५ | डिक माया थापा | पा.न.पा. ७ | दिर्घरोगी | भएको | १०,०००/- | |
| ६ | दुर्गा भण्डारी | पा.न.पा. ७ | पाठेघरको विरामी | भएको | १०,०००/- | |
| ७ | निर्मला कटुवाल | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| ८ | सुदिप राई | पा.न.पा. ३ | सवारी दुर्घटना परेको | भएको | ७,०००/- | |
| ९ | राधिका मगर | पा.न.पा. २ | खुटाको विरामी | भएको | १०,०००/- | |
| १० | कर्ण बहादुर राई | पा.न.पा. ८ | सुगर,प्रेसर | भएको | १०,०००/- | |
| ११ | पदम कुमारी राई | पा.न.पा. ८ | दमको रोग | भएको | १०,०००/- | |
| १२ | शान्ती विश्वकर्मा | पा.न.पा. ४ | क्यानसर | भएको | १०,०००/- | |
| १३ | चेत बहादुर राना | पा.न.पा. ३ | पित्तथलीको अप्रेसन | भएको | ७,०००/- | |
| १४ | श्रीमाया राना | पा.न.पा. ३ | पित्तथलीको अप्रेसन | भएको | ७,०००/- | |
| १५ | सुर्य बहादुर विश्वकर्मा | पा.न.पा. ५ | पेट र घाँटीको विरामी | भएको | १०,०००/- | |
| १६ | लक्ष्मन कार्की | पा.न.पा. ५ | पेटको विरामी | भएको | १०,०००/- | |
| १७ | मंगल सिं लिम्वु | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| १८ | टेक बहादुर राई | पा.न.पा. ८ | हर्निया रोगी | भएको | १०,०००/- | |
| १९ | अमन गुरागाई | पा.न.पा. ४ | टाउको सम्बन्धी | भएको | १५,०००/- | |
| २० | विकास निरौला | पा.न.पा. ४ | गम्भिर रुपमा हात काटेको | भएको | १५,०००/- | |
| २१ | देवराज कार्की | पा.न.पा. ५ | गम्भिर रुपमा हात काटेको | भएको | १०,०००/- | |
| २२ | अन्जु न्यौपाने | पा.न.पा. ४ | पाठेघर र पेटको रोगी | भएको | १०,०००/- | |
| २३ | धन बहादुर तामाङ | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| २४ | गंगा माया देउजा | पा.न.पा. ३ | दमको रोगी | भएको | ७,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | वम बहादुर विश्वकर्मा | पा.न.पा. ३ | क्यान्सर रोगी | भएको | ७,०००/- | |
| २६ | पुतली तामाङ | पा.न.पा. ३ | दिर्घरोगी | भएको | ७,०००/- | |
| २७ | अम्वीका कटुवाल | पा.न.पा. ३ | क्यान्सर रोगी | भएको | १०,०००/- | |
| २८ | सागर तामाङ | पा.न.पा. ७ | मानसीक रोगी | भएको | ५०,०००/- | |
| २९ | लाल बहादुर तामाङ | पा.न.पा. ७ | आँखाको विरामी | भएको | १०,०००/- | |
| ३० | प्रिति पिठाकोटे | पा.न.पा. ९ | विभिन्न रोगको विरामी | भएको | १०,०००/- | |
| ३१ | बिष्णु बहादुर सार्की | पा.न.पा. २ | गम्भिर रुपमा हात काटेको | भएको | ८,०००/- | |
| ३२ | डम्बर बहादुर वस्नेत | पा.न.पा. ८ | कलेजो को विरामी | भएको | १०,०००/- | |
| ३३ | कुमार खड्का | पा.न.पा. ८ | फोक्सो को विरामी | भएको | १०,०००/- | |
| ३४ | शान्ती राई | पा.न.पा. ८ | मुटु रोगी | भएको | १०,०००/- | |
| ३५ | आश बहादुर श्रेष्ठ | पा.न.पा. २ | पोष्टेट | भएको | १२,०००/- | |
| ३६ | निर्मला कुमारी बरुवाल | पा.न.पा. ४ | मुटु रोगी | भएको | ३०,०००/- | |
| ३७ | सन्दिप राई | पा.न.पा. ३ | मानसीक रोगी | भएको | १०,०००/- | |
| ३८ | मनमाया बस्नेत | पा.न.पा. ५ | मुटु तथा आँखा रोगी | भएको | १०,०००/- | ५ नं. वडा कार्यालयको सिलिङबाट |
| ३९ | रबिन कार्की | पा.न.पा. ५ | पेटको अल्सर | भएको | १०,०००/- | ५ नं. वडा कार्यालयको सिलिङबाट |
| ४० | चन्द्र कुमारी राई | पा.न.पा. ५ | नशा तथा वाथको रोगी | भएको | १०,०००/- | ५ नं. वडा कार्यालयको सिलिङबाट |
| ४१ | मिना पाँचकोटी | पा.न.पा. ६ | सुगर,प्रेसर, थाईराईट | भएको | १०,०००/- | |
| ४२ | धन बहादुर परियार | पा.न.पा. ६ | सुगर,प्रेसर, थाईराईट | भएको | १०,०००/- | |
| ४३ | सुलभ विश्वकर्मा | पा.न.पा. ६ | विभिन्न रोगको विरामी | भएको | ८,०००/- | ६ नं. वडा कार्यालयको सिलिङबाट |
| ४४ | गुनामी राई | पा.न.पा. ९ | विभिन्न रोगको विरामी | भएको | १०,०००/- | |

बैठक संख्याः । २०८२।०८३

बैठक मितिः २०८३।०३।०७ गते, समयः विहान ८:०० बजे

स्थानः पाख्रीबास नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं १८**

पाख्रीबास नगरपालिकाको आ.व. २०८२/०८३ को सत्रौं नगरसभाबाट स्वीकृत योजना पाख्रीबासको स्टाच्यू देखी जालपा देवी मा.वि. जाने सडक मर्मत शीर्षकमा रु.१,५०,०००।– बजेट विनियोजन भएकोमा यस नगरपालिकामा मौजुदा सवारी साधनहरु टिपर र ब्याक हु लोडरको प्रयोग गरी उल्लेखित सडक मर्मत गर्दा समेत बजेट अपुग भएको हुनाले उक्त योजनामा विविध खर्च शीर्षकबाट रु.१,००,०००।– बजेट थप गरी जम्मा रु.२,५०,०००।– बाट उल्लेखित योजनाको कार्य सम्पन्न गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै, उक्त योजना सञ्चालन हुँदा यस नगरपालिकाको ट्रिपर र ब्याक हु लोडरमा प्रयोग भएको इन्धन बापतको रकम महाबोधी पेट्रोलियम सप्लायर्स प्रा.लि. पाख्रीबास धनकुटालाई उपलब्ध गराउने निर्णय गरियो।

पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा
२०७३
कोशी प्रदेश, नेपाल

प.सं. :२०८२/०८३
च.नं. : २६२२

मिति : २०८३/०३/०३

**विषयः नगर कार्यपालिकाको बैठक सम्बन्धमा।**

**श्री वडा अध्यक्ष ज्यूहरु सबै,**
**श्री नगर कार्यपालिका सदस्य ज्यूहरु सबै,**
**पाख्रीबास नगरपालिका, पाख्रीबास धनकुटा।**

प्रस्तुत विषयमा तपसिल बमोजिमको मिति, समय र स्थानमा तपसिलको कार्यसूचीहरुमा छलफल तथा निर्णयको लागि नगर कार्यपालिकाको बैठक बस्ने भएकोले यहाँहरुको उपस्थितीको लागि आदेशानुसार अनुरोध छ।

**तपसिल :**

मिति : २०८३/०३/०७ गते आईतबार

समय : बिहान ०८:००

स्थान : पाख्रीबास नगरपालिकाको सभाहल

**बैठकको कार्यसूचीहरु**

१) आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृतीको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा।

२) आर्थिक विधेयक २०८३ स्वीकृतीको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा।

३) विनियोजन विधेयक, २०८३ स्वीकृतीको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा।

४) ढुङ्गेधारा आ.वि. को शिक्षकको तलब भुक्तानी सम्बन्धमा।

५) आधारभूत अस्पताल सञ्चालनमा रहेको जालपादेवी क्याम्पसको नाममा रहेको भवनको विद्युत महसुल भुक्तानी सम्बन्धमा।

६) प्रधानमन्त्री आधुनिकिकरण परियोजना जोन/सुपरजोन तरकारी फलफुलको लागि क्षेत्र निर्धारण सम्बन्धमा।

७) विविध सम्बन्धमा।

**सादर अवगतार्थ**

श्रीमान् नगर प्रमुख ज्यू,
श्रीमान् नगर उपप्रमुख ज्यू,
पाख्रीबास नगरपालिका।

..................
सुनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत